मिति २०८१/०९/१४ को माननीय मन्त्रीस्तरिय निर्णय द्धारा स्वीकृत

# किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

पौष,२०८१

# किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१

**प्रस्तावना**

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी किसानको पहिचान गरी सरकारी तवरबाट तथ्यपरक योजना तथा कार्यक्रमको तर्जुमा गर्न र किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु सङ्कलन गरी विद्युतीय प्रणाली व्यवस्थापन तथा सञ्चालन गर्न वाञ्छिनीय भएकोले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "**किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१**" रहेको छ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "ऐन" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कृषि" भन्नाले खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, पुष्पखेती, च्याउ, रेशम, मत्स्यपालन, मौरीपालन, पशुपन्छीपालन लगायतको उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण समेतका कार्यहरु सम्झनु पर्छ।

(ग) "किसान" भन्नाले ऐनको दफा २(ख) बमोजिमको नागरिक सम्झनु पर्छ।

(घ) "केन्द्र" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तरगतको कृषि सूचना तथा प्रशिक्षण केन्द्र सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० सम्झनु पर्छ।

(च) "परिचयपत्र" भन्नाले दफा ११ बमोजिम जारी गरिएको किसान परिचयपत्र सम्झनु पर्छ।

(छ "प्रणाली" भन्नाले किसान सूचीकरणका लागि विकास गरिएको विद्युतीय व्यवस्थापन सफ्टवयर प्रणाली सम्झनु पर्छ।

(ज) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश अन्तरगतको कृषि तथा पशुपन्छी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "प्रदेश व्यवस्थापन एकाई" भन्नाले दफा ७ को उपदफा (३) बमोजिमको सम्पर्क एकाई सम्झनु पर्छ।

(ञ) "वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (४) र धारा २२३ को उपधारा (४) बमोजिमको वडा समिति सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले सङ्घ अन्तरगतको कृषि तथा पशुपन्छी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "संघीय व्यवस्थापन एकाई" भन्नाले दफा ७ को उपदफा (४) बमोजिमको सम्पर्क एकाईलाई सम्झनु पर्छ।

(ड) "स्थानीय व्यवस्थापन एकाई" भन्नाले दफा ७ को उपदफा (२) बमोजिमको सम्पर्क एकाई सम्झनु पर्छ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

२०८१/०९/०७

## परिच्छेद-२
## किसान पहिचान प्रणाली

३. <u>किसान सूचीकरण प्रणाली विकासः</u> (१) किसान पहिचान, सूचीकरण तथा वर्गीकरण सम्बन्धी कार्य गर्न मन्त्रालयले वेवमा आधारित एक सफ्टवेयर प्रणाली विकास गर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरेको प्रणाली यसै निर्देशिका बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुनेछ।

(३) उपदफा (१) बमोजिम तयार गरेको प्रणालीमा किसानको वैयक्तिक तथा कृषि व्यवसाय सम्बन्धी विवरण सङ्कलन गरिनेछ।

४. <u>प्रणालीमा आवद्ध हुन सक्नेः</u> (१) नेपाल भित्र जुनसुकै स्थानमा बसोबास गर्ने कृषि पेशामा आवद्ध किसान यस प्रणालीमा आवद्ध हुन सक्ने छन्।

(२) उपदफा (१) बमोजिम किसान सूचीकरण प्रणालीमा आवद्ध हुन चाहने कृषि पेशामा संलग्न व्यक्तिले प्रणाली मार्फत वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।एक भन्दा बढी स्थानीय तहमा कृषि कार्य गरेको किसानको हकमा निजले रोजेको कुनै एक स्थानीय तहको वडा कार्यालयमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विवरण प्रविष्ट गर्न किसानलाई आवश्यक सहयोग गर्नु सङ्घ, सम्बन्धित प्रदेश र स्थानीय तहको कर्तव्य हुनेछ।

५. <u>किसानको व्यक्तिगत खाता सिर्जना हुनेः</u> प्रणालीमा अनुसूची-३ अनुसारका आधारभूत विवरणहरु प्रविष्ट गरी अनुरोध गरे पश्चात प्रणालीमा सम्बन्धित किसानको व्यक्तिगत खाता सिर्जना हुनेछ।

६. <u>जिम्मेवार निकायको रूपमा रहनेः</u> (१) किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालनको लागि मन्त्रालय अन्तरगतको केन्द्र जिम्मेवार निकायको रूपमा रहनेछ ।

(२) केन्द्रले निर्देशिकाको दफा ४, ५ र १२ बमोजिम प्रविष्ट भएका विवरण सुरक्षित तवरले व्यवस्थापन गरी सूचीकरण गर्ने कार्यमा सहजता र एकरूपता कायम गर्न स्थानीय तहलाई आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ।

(३) केन्द्रको विस्तृत भूमिका निर्देशिकाको अनुसूची-१ को खण्ड "ख" मा उल्लेख भए बमोजिम हुनेछ।

७. <u>सम्पर्क एकाई तोक्नुपर्नेः</u> (१) दफा ४ र दफा ५ बमोजिम पेस भएका विवरणहरु प्रणालीभित्रको सङ्घ, सम्बन्धित प्रदेश र स्थानीय तहको अभिलेखमा सञ्चय हुनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहमा सञ्चित अभिलेखको अद्यावधिक गर्न तथा व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहमा एउटा छुट्टै एकाई स्थापना गर्नु पर्नेछ ।उक्त एकाईको संयोजन कृषि/पशुपन्छी विकास क्षेत्र हेर्ने शाखा प्रमुखले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदेशमा सञ्चित अभिलेखको व्यवस्थापनका लागि सम्बन्धित प्रदेशमा एउटा छुट्टै एकाई स्थापना गर्नु पर्नेछ ।उक्त एकाईको संयोजन प्रदेशमा कृषि हेर्ने मन्त्रालयको सम्बन्धित महाशाखाले गर्नेछ ।

(४) उपदफा (१) बमोजिम सङ्घमा सञ्चित अभिलेखको व्यवस्थापनका लागि केन्द्रमा एउटा छुट्टै एकाई स्थापना गर्नु पर्नेछ। उक्त एकाईको संयोजन कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि सूचना तथा प्रशिक्षण केन्द्रको किसान सूचीकरण हेर्ने सम्बन्धित शाखाले गर्नेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

सचिव



२०८१/०९/०७

८. <u>तथ्याङ्कको भण्डारण र सुरक्षाः</u> किसान सूचीकरण प्रणालीमा प्रविष्ट भएका तथ्याङ्कको सुरक्षित भण्डारण श्री सूचना प्रविधि विभाग मातहत रहेको एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र) ले उपलब्ध गराएको पूर्वाधारमा गर्नु पर्नेछ। प्रणालीमा भएको तथ्याङ्कको नियमित अतिरिक्त सञ्चिती (ब्याकअप) तथा पुनःप्राप्ती सुनिश्चित गर्न केन्द्रले उपलब्ध गराएको पूर्वाधारमा मन्त्रालय मातहतको केन्द्रले नियमित रूपमा ब्याकअप लिनुका साथै अफलाईन ब्याकअप समेत राख्नुपर्नेछ।

## परिच्छेद-३

## प्रमाणीकरण सम्बन्धी व्यवस्था

९. <u>अभिलेख प्रमाणीकरणः</u> (१) दफा ५ बमोजिम प्रणालीमा प्रविष्ट भएका किसानको विवरण प्रमाणीकरणका लागि सम्बन्धित वडा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची उपर दावी विरोधको लागि सम्बन्धित वडा समितिले पन्ध्र दिनको सार्वजानिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचीमा कुनै दावी विरोध प्राप्त नभएमा वडा समितिले किसानको पहिचान र वर्गीकरणको लागि प्राप्त विवरण सम्बन्धित स्थानीय तहको कार्यपालिकामा प्रणाली मार्फत सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम उजुरी पर्न गएका आवेदकको हकमा वडा समितिले स्थलगत अवलोकन तथा आवश्यक छानविन गरी निर्णय गर्नेछ।

(५) उपदफा (४) बमोजिमको निर्णयमा आवेदकलाई चित्त नबुझेमा सम्बन्धित स्थानीय तहमा पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको निवेदन प्राप्त भएमा वा कार्यपालिकाले आवश्यक जाँचबुझ गरी सूची संशोधन आवश्यक देखिएमा सोको लागि वडा समितिलाई निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन बमोजिम वडा समितिले स्थानीय तहको कार्यपालिकामा संशोधित विवरणको सिफारिस प्रणाली मार्फत पेश गर्नु पर्नेछ ।

(७) उपदफा (३) बमोजिम वडा समितिबाट सिफारिस भएको र उपदफा (६) बमोजिम वडा समितिबाट पुनः सिफारिस भएको विवरणको जाँचबुझ गरी किसान परिचयपत्र पाउन योग्य किसानको पहिचान र वर्गीकरणको लागि कार्यपालिकाले केन्द्रमा सिफारिस सहित प्रणाली मार्फत पठाउनु पर्नेछ ।

(८) उपदफा (३) र (७) बमोजिम वडा समिति र कार्यपालिकाले सिफारिस गर्दा देहायका विवरणहरु समेतलाई आधार लिनु पर्नेछ ।

(क) दफा ५ बमोजिम प्रविष्ट विवरणहरु

(ख) नेपाली नागरिकताको प्रमाण पत्र

(ग) स्थायी बसोबासको प्रमाण वा कृषि कर्म गरेको प्रमाण

(घ) जमिनको स्वामित्वको प्रमाण वा करारमा कृषि कर्म गरेको भए सोको प्रमाण

१०. <u>किसान पहिचान तथा वर्गीकरणः</u> दफा ९ बमोजिम सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट सिफारिस साथ प्राप्त भएका विवरणका आधारमा केन्द्रले आवेदकलाई खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० को अनुसूची-५ बमोजिमको आधारमा किसानलाई पहिचान गरी प्रणाली मार्फत वर्गीकरण गर्नेछ। कृषक परिचयपत्रलाई यथासक्य राष्ट्रिय परिचय पत्रसंग आवद्ध गरिने छ र कृषि तथा

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

सचिव

२०८१/०९/०७

पशुपन्छी विकास मन्त्रालयवाट कृषकहरुका लागि बनाईएका अन्य सफ्टवयरसंग पनि आवद्ध गर्दै लगिनेछ ।

११. <u>परिचयपत्र जारी गर्ने</u>: (१) दफा १० बमोजिम वर्गीकरण गरिएको किसानलाई प्रणालीमा विवरण प्रविष्ट गरिएको स्थानीय तहले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० को अनुसूची-६ बमोजिमको ढाचाँमा प्रणाली मार्फत जारी हुने किसान परिचयपत्र कृषि/पशुपन्छी विकास शाखाको सिफारिसमा वितरण गर्नु पर्नेछ । यसरी जारी हुने परिचयपत्रको प्रमाणीकरण सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) प्रणालीबाट जारी हुने परिचयपत्रको दर्ता नम्बर १३ अंकको हुनेछ जसमा पहिलो एक अंकले प्रदेश; दोस्रो र तेस्रो दुई अंकले जिल्ला; चौथो, पाँचौं र छैठौं तीन अंकले स्थानीय तह; सातौं र आठौं दुई अंकले वडा र सो पश्चातका पाँच अंकले किसान पहिचान संकेत नम्बर सिलसिलेवार रुपमा रहनेछन्।

## परिच्छेद-४
## अभिलेख सम्वन्धी व्यवस्था

१२. <u>पञ्जीकरण गर्ने निकाय</u>: किसान सूचीकरण प्रणालीमा किसानको विवरण पञ्जिकरण गर्ने कार्यको जिम्मेवार निकायको रुपमा स्थानीय तह रहनेछ ।

१३. <u>विवरण हेर्ने अधिकार</u>: (१) प्रणालीमा सूचीकरण भएका व्यक्तिगत विवरण सम्बन्धित किसान, सम्बन्धित वडा समिति, सम्बन्धित स्थानीय तह, सम्बन्धित प्रदेश मन्त्रालय तथा मन्त्रालयले तोकेको निकायले हेर्न सक्ने छन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य निकायबाट तथ्याङ्क माग भएमा यस निर्देशिका बमोजिम मन्त्रालय, केन्द्र, सम्बन्धित प्रदेश र स्थानीय तहले तथ्याङ्क उपलब्ध गराउन सक्ने छन्।

(३) उपदफा (१) अनुसारका विवरणको गोपनीयता कायम राख्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिमको विवरण हेर्न चाहने किसानले प्रणालीमा प्रविष्ट गरेको आफ्नो नाम वा आइडी र पासवर्ड प्रयोग गरी हेर्न सक्ने छन्।

(५) प्रणालीको विवरण माथिको पहुँचको लागि सम्बन्धित प्रदेश मन्त्रालय, स्थानीय तह र वडा समितिलाई युजर आइडी र पासवर्ड उपलब्ध गराइनेछ।

१४. <u>विवरण सच्याउने</u>: (१) निर्देशिकाको दफा ५ बमोजिम प्रविष्ट आधारभूत विवरण सच्याउन वा थप घट गर्न आवश्यक भएमा किसानले यस प्रणाली मार्फत विवरण सच्याउन वडा समितिलाई अनुरोध गर्न सक्ने छन्।

(२) उपदफा (१) बमोजिम विवरण अद्यावधिक गर्दा नियमावलीको दफा १६ को उपदफा (६) अनुसार किसानको वर्ग परिवर्तन नहुने हकमा सम्बन्धित वडा समितिले तत्कालै वा स्थलगत अनुगमन गरी विवरण सच्याउन सक्नेछ र वर्ग परिवर्तन हुने हकमा साविककै नियमित प्रक्रिया अनुसार केन्द्रले गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो पटक परिचयपत्र उपलब्ध भईसकेपछि मात्र सम्बन्धित किसानले आफ्नो विवरण सच्याउन वा थपघट गर्न वडा समितिमा अनुरोध गर्न सक्ने छन् ।

१५. <u>सुहुलियत, छुट, सुविधा तथा अनुदान</u>: नियमावली तथा यस निर्देशिका बमोजिमको परिचयपत्र प्रास किसानलाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट दोहोरो नपर्नेगरी कृषि उत्पादन, मल, बीउ,

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं
सचिव

२०८१/०९/०७

नक्स, पूर्वाधार निर्माण, उपकरण जस्ता उत्पादन सामाग्री वा बीमा प्रिमियममा सहुलियत, छुट, सुविधा तथा अनुदान उपलब्ध गराउन सक्ने छन् ।

१६. **अभिलेखको नियमित व्यवस्थापन:** (१) दफा १५ बमोजिम किसानले प्राप्त गरेका अनुदान वा प्रवाह भएको सेवा, सुविधा वा सहुलियत सम्बन्धी विवरण प्रविष्ट गर्न मिल्ने गरी प्रणाली सञ्चालन गरिनेछ र उक्त विवरण सम्बन्धित किसानको खातामा समेत अद्यावधिक हुनेछ ।

(२) सङ्घले देश भरका, प्रदेशले सम्बन्धित प्रदेश र स्थानीय तहले सम्बन्धित स्थानीय तह अन्तरगतका किसानलाई सङ्घ, प्रदेश र स्थानीय तहबाट उपलब्ध हुने सेवा सुविधाहरुको विवरण सम्बन्धित तहले प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ ।

## परिच्छेद-५

## समिति सम्बन्धी व्यवस्था

१७. **किसान सूचीकरण कार्यक्रम निर्देशक समिति:** (१) किसान सूचीकरण सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा आवश्यक समन्वय तथा नीतिगत मार्गदर्शनको लागि देहाय बमोजिम एक किसान सूचीकरण कार्यक्रम निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अध्यक्ष |
| (ख) मन्त्री, सातै प्रदेशका कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालय | सदस्य |
| (ग) सदस्य, राष्ट्रिय योजना आयोग (कृषि हेर्ने) | सदस्य |
| (घ) अध्यक्ष, राष्ट्रिय किसान आयोग | सदस्य |
| (ङ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (च) सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (छ) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| (ज) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सदस्य |
| (झ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (कृषि तर्फ) | सदस्य |
| (ञ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी तर्फ) | सदस्य |
| (ट) कृषि सूचना तथा प्रशिक्षण केन्द्र, प्रमुख | सदस्य |
| (ण) सहसचिव, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकतानुसार बस्नेछ र वार्षिक रुपमा कम्तिमा पनि एक पटक बस्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिका अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले बैठकमा सम्वन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले किसान सूचीकरण प्रणाली कार्यान्वयनका लागि आवश्यकता अनुसार काम, कर्तव्य, अधिकार समेत तोकी उपसमिति गठन गर्न सक्नेछ।

१८. **समितिको काम कर्तव्य र अधिकार:** समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) सूचीकरण कार्य सञ्चालनका लागि आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

सचिव २०८१/०९/०७

(ख) सङ्घ, प्रदेश तथा स्थानीय तहमा प्रणाली सञ्चालनका लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्ने,

(ग) प्रणाली सञ्चालनको लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,

(घ) किसान सूचीकरण कार्यक्रमको अनुगमन गर्ने,

(ङ) आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्ने ।

१९. <u>किसान सूचीकरण कार्यक्रम राष्ट्रिय समन्वय समितिः</u> (१) किसान सूचीकरण गरी परिचयपत्र वितरण सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापनमा सहजीकरणका लागि सङ्घमा देहाय बमोजिम अध्यक्ष र सदस्य रहने गरी एक किसान सूचीकरण कार्यक्रम समन्वय समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अध्यक्ष |
| (ख) सह सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ग) सह सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) सह सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| (ङ) सह सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सदस्य |
| (च) सदस्य सचिव, राष्ट्रिय किसान आयोग | सदस्य |
| (छ) सह सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| (ज) सचिव, सातै प्रदेशका कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालय | सदस्य |
| (झ) प्रतिनिधि, राष्ट्रिय कृषक समूह महासङ्घ (महिला प्रतिनिधि सहित २ जना) | सदस्य |
| (ञ) प्रतिनिधि, राष्ट्रिय सूचना प्रविधि केन्द्र | सदस्य |
| (ट) प्रमुख, कृषि सूचना तथा प्रशिक्षण केन्द्र | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ र वार्षिक रुपमा कम्तिमा एक पटक बस्नु पर्नेछ।

(३) समितिको अध्यक्षको परामर्शमा सदस्य-सचिवले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

२०. <u>समितिको काम कर्तव्य र अधिकारः</u> समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रणालीको सञ्चालन तथा समय सापेक्ष परिमार्जन गर्नका लागि केन्द्रलाई निर्देशन गराउने,

(ख) सङ्घ, प्रदेश तथा स्थानीय तहमा प्रणाली सञ्चालनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ग) आवश्यकता अनुसार निर्देशिका संशोधनका लागि निर्देशक समितिलाई सिफारिश गर्ने,

(घ) सङ्कलन गरिएका तथ्याङ्कहरुको गोपनियता सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,

(ङ) सूचीकरण कार्यक्रम सञ्चालनको अनुगमन र पृष्ठपोषण गर्ने,

(च) निर्देशक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने/गराउने,

(छ) आवश्यकता अनुसार उपसमितिहरु गठन गरी कार्य गराउने ।

सचिव

२०८१/०९/०७

२१. <u>प्रादेशिक किसान सूचीकरण व्यवस्थापन समन्वय समितिः</u> किसान सूचीकरण सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापन सहजीकरणका लागि प्रदेशस्तरमा कृषि हेर्ने मन्त्रीको अध्यक्षतामा सम्बन्धित अन्य सरोकारवाला निकायका प्रतिनिधिहरु सदस्य रहने गरी एक प्रादेशिक किसान सूचीकरण प्रणाली व्यवस्थापन प्रादेशिक समन्वय समिति प्रदेश मन्त्रालयले गठन गर्न सक्नेछ ।यस समितिले केन्द्रलाई अवश्यकता अनुसार नीतिगत सुझाव दिनेछ।

२२. <u>स्थानीय किसान सूचीकरण कार्यान्वयन तथा समन्वय समितिः</u> स्थानीय तहमा किसान सूचीकरण सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापन सहजीकरणका लागि प्रत्येक स्थानीय तहका उपप्रमुखको अध्यक्षतामा सम्बन्धित अन्य सरोकारवाला निकायका प्रतिनिधिहरु सदस्य रहने गरी एक किसान सूचीकरण समन्वय समिति स्थानीय तहले गठन गर्न सक्नेछ।यस समितिले किसान सूचीकरण सम्बन्धी विवाद निरुपण लगायतका कार्यको लागि सङ्घ एवम् प्रदेशसंग समन्वय गर्नेछ ।

## परिच्छेद-६

## जनशक्ति व्यवस्थापन

२३. <u>निकायहरुको भूमिका तथा सम्पर्क ब्यक्ति तोक्ने सम्बन्धमा:</u> (१) किसान सूचीकरण गरी परिचयपत्र वितरण सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापनमा सहजीकरणका लागि सङ्घ, प्रदेश र स्थानीय तहको हरेक निकायमा एक जना सम्पर्क व्यक्तिको व्यवस्था गरिनेछ । किसान सूचीकरण कार्यक्रमको लागि विभिन्न तहको भूमिका अनुसुची-१ अनुसार हुनेछ।

(२) केन्द्रले प्रणाली सञ्चालनको लागि आवश्यकता अनुसार प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्नेछ।केन्द्रका प्रशिक्षकहरुले प्रदेशस्तर र प्रदेश मातहत निकायका सम्पर्क ब्यक्तिहरुको प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्ने छन् र जिल्लास्थित कृषि हेर्ने कार्यालयका प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त सम्पर्क ब्यक्तिहरुले स्थानीय तहका सम्पर्क ब्यक्तिहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्ने छन । स्थानीय तहका प्रशिक्षक प्रशिक्षण प्राप्त सम्पर्क ब्यक्तिहरुले स्थानीय तहले छनौट गरेका सहजकर्ताहरुलाइ किसान सूचीकरण सूचना प्रणाली सञ्चालन तथा विवरण सङ्कलन तालिम प्रदान गर्ने छन् ।

(३) किसान सूचीकरण तथा तथ्याङ्क सङ्कलन गर्ने काम स्थानीय तहबाट तालिम प्राप्त सहजकर्ता/ एक गाउँ एक प्राविधिक/इन्टर्नको रुपमा खटिएका प्राविधिकबाट हुनेछ।किसानहरुले आँफै पनि सूचना प्रणाली मार्फत सूचीकरण हुने र बैयक्तिक विवरण भर्ने काम गर्न सक्ने छन् । स्थानीय तह, प्रदेश तथा सङ्घ मातहत निकायमा कार्यरत कर्मचारीहरुले पनि किसानहरुलाइ किसान सूचीकरण कार्यक्रममा सहयोग गर्न सक्ने छन् ।

(४) सहजकर्ताहरुलाइ किसान सूचीकरण सूचना प्रणाली सञ्चालन र किसानको बैयक्तिक विवरण तथा कृषि तथ्याङ्क संकलनमा कुनै समस्या भएमा स्थानीय तहका तालिम प्राप्त सम्पर्क व्यक्तिहरुको साथै प्रदेश र सङ्घ मातहत निकायका सम्पर्क व्यक्तिहरुले आवश्यक सहयोग तथा प्राविधिक पृष्ठपोषणको लागि सहयोग गर्नेछन्।

(५) किसान सूचीकरणको लागि सहजकर्ता छनौट गर्दा सूचना प्रविधि सम्बन्धी ज्ञान भएका व्यक्तिहरु छनौट गर्नु पर्नेछ।

सचिव

२०८१/०९/०७

## परिच्छेद-७
## विविध

२४. <u>प्रणालीमा आवद्धताका लागि अभियान सञ्चालन गर्ने</u>: (१) स्थानीय तहले आफ्नो कार्य क्षेत्रका किसानहरुलाई सूचीकरण प्रणालीमा आवद्ध गराउन सहजकर्ता परिचालन तथा घुम्ती टोली खटाई अभियान सञ्चालन गर्न सक्नेछ।

(२) किसान सूचीकरण तथा कृषि तथ्याङ्क सङ्कलनको लागि उपलब्ध गराइएको सशर्त अनुदान रकम परिचालन गर्न सकिनेछ ।

(३) प्रदेश तथा स्थानीय तहले आवश्यकता अनुसार थप बजेट विनियोजन गरी किसान सूचीकरण कार्यक्रम संचालन गर्न सक्नेछ।

(४) किसान सूचिकरण कार्यमा सहयोग पुऱ्याउनु सङ्घ, सम्बन्धित प्रदेश निकायको समेत कर्तव्य हुनेछ।

(५) स्थानीय तहका किसानहरुलाई यस सूचीकरण कार्यको सूचना तथा जानकारीका लागि स्थानीय, प्रदेश र राष्ट्रियस्तरमा समेत प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ।

(६) कार्यक्रमको प्रचार प्रसारको लागि श्रब्यदृष्य सामग्री तयारीका लागि किसान सूचीकरण तथा कृषि तथ्याङ्क सङ्कलनको लागि उपलब्ध गराइएको सशर्त अनुदान परिचालन गर्न सकिनेछ ।

२५. <u>परिचयपत्र रद्द र निष्कृयः</u> (१) नियमावलीको नियम १६ को उपनियम (११) बमोजिम सूचीकरण भई परिचयपत्र पाएका किसानले कृषि कर्म त्याग गरेमा किसान परिचयपत्र सम्बन्धित स्थानीय तहमा फिर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ता भएको किसान परिचयपत्र कार्यपालिकाको सिफारिसमा केन्द्रले रद्द वा निष्कृय गर्न सक्नेछ ।

(३) एक पटक सूचीकरण परिचयपत्र रद्द गरेका वा निष्कृय भएमा किसानले पुनः कृषि कर्म सुरु गरी किसान पहिचान प्रणालीमा आवद्ध हुन चाहेमा आवेदन दिने लगायतका सबै प्रकृया पूरा गर्नु पर्नेछ।

२६. <u>झुटा विवरण प्रविष्ट गर्न नहुने</u>: किसान सूचीकरण प्रणालीमा किसानको झुटा विवरण प्रविष्ट वा अनाधिकृत तबरले तथ्याङ्क परिवर्तन गर्नुहुँदैन। यस किसिमका कार्य गरेमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ।

२७. <u>अनुगमन तथा प्रतिवेदन तयार</u>: (१) किसान सूचीकरण प्रणालीको कार्यान्वयन अवस्थाको सङ्घ, सम्बन्धित प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायले अनुगमन गर्न सक्ने छन् ।

(२) मन्त्रालय, प्रदेश मन्त्रालय र सम्बन्धित स्थानीय तहले किसान सूचीकरण सूचना प्रणालीबाट संकलित बिवरण तथा तथ्याङ्क सम्बन्धी बार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ।

(३) किसान सूचीकरण प्रणालीको कार्यान्वयन अवस्थाको प्रतिवेदन स्थानीय समितिले प्रदेश समितिलाई प्रदेश समितिले संघीय समितिलाई त्रैमासिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

२८. <u>सफ्टवेयरको परिमार्जन</u>: किसान सूचीकरण प्रणाली सफ्टवेयरमा आवश्यकतानुसार परिमार्जन गर्न केन्द्रले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

२९. <u>यसै निर्देशिका बमोजिम भएको मानिने</u>: यस निर्देशिका स्वीकृत हुनुपूर्व "किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७" अनुसार विकास भएको प्रणालीमा प्रविष्ट किसानको विवरण वर्गीकरण तथा पहिचान यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

३०. <u>खारेजी</u>: किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ खारेज गरिएको छ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

सचिव २०८१/०९/०७

अनुसूची-१

## किसान सूचीकरण कार्यक्रममा बिभिन्न तह/निकायकोको भूमिका

### (क) कृषि तथा पशुपन्छी बिकास मन्त्रालयको भूमिकाः

- किसान सूचीकरण कार्यक्रमको निर्देशक समिति र समन्वय समितिको बैठक यसै निर्देशिकामा उल्लेख भएको समिति अनुरुप संचालन गर्ने तथा निर्णय कार्यान्वयन गर्ने/गराउने ।
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली २०८० को अनुसूची ५ मा उल्लेख भए अनुरुपको किसान वर्गीकरणका आधारमा किसान परिचय पत्र वितरणको कार्यमा सहजीकरण गर्ने/गराउने ।
- प्रदेशको कृषि हेर्ने मन्त्रालय, जिल्ला समन्वय समिति र स्थानीय तहहरुसँग कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक समन्वय गर्ने/गराउने ।
- कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रम तर्जुमा गर्दा यो सूचना प्रणालीमा प्रविष्ट किसानहरुको तथ्याङ्कको आधारमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।
- किसान सूचीकरणको लागि सफ्टवयर अपडेट, सूचना प्रणालीको सुरक्षा तथा अन्य प्राविधिक काममा केन्द्रलाई सहजीकरण गर्ने ।
- किसान सूचीकरण कार्यक्रमको तिनै तहको सरकार र किसानहरुमा प्रचार प्रसार तथा अनुगमन गर्ने ।
- मन्त्रालयका सम्पर्क अधिकृतहरुलाई किसान सूचीकरण अबधिभरको लागि यातायात तथा सञ्चार खर्चको व्यवस्था गर्ने ।
- किसान सूचीकरण प्रणालीमा किसानलाई पेन्सन कोष संचालनसँग आवद्ध गर्न आवश्यक नीतिगत अन्य व्यवस्थाका लागि पहल र प्रक्रिया थालनी गर्ने ।
- किसान सूचीकरण प्रणालीको लागि आवश्यक क्षमताको सर्भरको व्यवस्थापन गर्ने ।
- किसान सूचीकरणको स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी सूचीकरणको कार्यलाई गति दिन आवश्यक पहल गर्ने ।
- यस कार्यक्रम संचालनका लागि तीनै तहको समन्वयमा आवश्यक बजेटको सुनिश्चतता गर्ने ।

### (ख) कृषि सूचना तथा प्रशिक्षण केन्द्रको भूमिकाः

- किसान सूचीकरणको लागि ताहाँ केन्द्रमा सम्पर्क अधिकृत तोक्ने ।
- किसान सूचीकरणको लागि केन्द्रमा प्राविधिक (सूचना प्रविधि विज्ञ) सहितको इकाई गठन गर्ने ।
- केन्द्रिय, प्रदेश स्तर तथा स्थानीय तहमा सम्पर्क अधिकृतहरुको लागि गोष्ठी संचालन तथा क्षमता विकास तालिम संचालन गर्ने ।
- केन्द्रका सम्पर्क अधिकृतहरुलाई किसान सूचीकरण अबधिभरको लागि यातायात तथा सञ्चार खर्चको व्यवस्था गर्ने ।
- किसान सूचीकरण कार्यक्रमको प्रचार प्रसार गर्ने ।

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं



२०८१/०९/०७

- किसान सूचीकरणको लागि सफ्टवयर अपडेट, लाईसेन्स-कि खरिद, सूचना प्रणालीको सुरक्षा तथा प्राविधिक कामको व्यवस्थापन गर्ने ।
- किसान सूचीकरणको अनुगमन तथा सुपरिवेक्षण गर्दा मन्त्रालय समेतको समन्वयमा गर्ने ।
- प्रदेशस्थित कृषि हेर्ने मन्त्रालय र स्थानीय तहलाई सूचना प्रणाली संचालन तथा प्राविधिक सहयोग गर्ने ।
- प्रदेशको कृषि हेर्ने मन्त्रालय, जिल्ला समन्वय समिति र स्थानीय तहहरुसँग कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक समन्वय गर्ने/गराउने ।
- किसान सूचीकरण प्रणालीको त्रैमासिक प्रगति अवस्था बारे मन्त्रालयमा जानकारी गराउने ।

**(ग) प्रदेशस्थित कृषि हेर्ने मन्त्रालयः**

- प्रदेश मन्त्रालयमा सम्बन्धित महाशाखालाई सम्पर्क बिन्दु र मातहत सबै निकायमा सम्पर्क अधिकृत (कर्मचारी) तोक्ने।
- मन्त्रालयका सम्पर्क अधिकृतहरुलाई किसान सूचीकरण अबधिभरको लागि यातायात तथा सञ्चार खर्चको व्यवस्था गर्ने।
- किसान सूचीकरण सम्बन्धी कार्यको लागि अन्तरतह समन्वयमा जनशक्ति व्यवस्थापन तथा परिचालन, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि, उपकरण खरिद आदिको लागि आवश्यक बजेटको व्यवस्था गर्ने।
- किसान सूचीकरण कार्यक्रमको प्रचार प्रसार गर्ने/गराउने।
- कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबै सरोकार तथा अन्तरतह निकायहरुबीच आवश्यक समन्वय गर्ने गराउने ।
- किसान सुचीकरणको कार्यक्रम कार्यान्वयनको लागि प्रदेश मन्त्रालय मातहतको निकायहरुको प्रभावकारी परिचालन गर्ने ।
- प्रदेश भरीमा भएको किसान सुचीकरणको लागत तयार गरी सुचीकरणको कामलाई गति दिन आवश्यक पहल गर्ने ।
- सूचना प्रणालीमा भरेका फारमहरुको अनुगमन तथा सुपरीवेक्षण गरी कुनै सुझाव भए सम्बन्धित निकायलाई जानकारी गराउने ।
- कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रम तर्जुमा गर्दा र कार्यक्रम सञ्चालन गर्दा यो सूचना प्रणालीमा प्रविष्ट तथ्याङ्कको आधारमा गर्ने ।
- कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा यस सूचना प्रणालीमा दर्ता भएपछि मात्र कार्यक्रममा सहभागि हुन पाउने व्यवस्था मिलाउने ।
- यस सूचना प्रणालीमा आवद्ध किसानहरुलाई किसान सहुलियत तथा किसान कल्याण सम्बन्धी न्युनतम सुबिधाको सुनिश्चितता गर्ने ।
- किसान सूचना प्रणालीको सञ्चालनमा कुनै प्राबिधिक समस्या भए कृषि सूचना तथा प्रशिक्षण केन्द्रमा जानकारी गराउने ।
- किसान सुचीकरणको लागि संघिय सरकारले स्थानीय तहहरुलाई उपलब्ध गराएको सशर्त अनुदानको रकमले अपुग भएमा थप रकम उपलब्ध गराउने ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव २०८१/०९/०७

(घ) जिल्लास्थित कृषि तथा पशुपन्छी हेर्ने निकायको भूमिकाः

- किसान सूचना प्रणालीको लागि सम्पर्क अधिकृत (कर्मचारी) तोक्ने।
- किसान सूचीकरण कार्यक्रमको प्रचार प्रसार गर्ने ।
- जिल्ला समन्वय समिति तथा स्थानीय तहहरुमा समन्वय गरी जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई कार्यक्रमको बारेमा जानकारी गराउने।
- स्थानीय तहका सम्पर्क अधिकृत तथा सहजकर्ता (तथ्याङ्क संकलक) हरुलाई किसान सूचीकरण सूचना प्रणाली सञ्चालनको लागि क्षमता बिकास तालिम सञ्चालन गर्ने।
- कृषि ज्ञान केन्द्र र पशु सेवा बिज्ञ केन्द्रका सम्पर्क अधिकृतहरुलाई किसान सूचीकरण अबधिभरको लागि यातायात तथा संचार खर्चको ब्यवस्था गर्ने।
- बिभिन्न स्थानीय तहमा भएको किसान सुचीकरणको लगत तयार गरी सुचीकरणको कामलाई गति दिन आबश्यक पहल गर्ने।
- प्रणालीमा भरेका फारमहरुको अनुगमन तथा सुपरीवेक्षण गरी कुनै सुझाव भए सम्बन्धित किसान र स्थानीय तहलाई समेत जानकारी गराउने।
- कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रम तर्जुमा गर्दा र कार्यक्रम सञ्चालन गर्दा यो सूचना प्रणालीमा प्रविष्ट तथ्याङ्कको आधारमा गर्ने।
- सम्बन्धित निकायले कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा यस सूचना प्रणालीमा दर्ता भएपछि मात्र कार्यक्रममा सहभागि हुन पाउने ब्यवस्था मिलाउने ।
- यस सूचना प्रणालीमा आवद्ध किसानहरुलाई किसान सहुलियत तथा किसान कल्याण सम्बन्धी न्युनतम सुबिधाको सुनिश्चितता गर्ने।
- किसान सूचना प्रणालीको सञ्चालनमा कुनै प्राबिधिक समस्या भए प्रदेशस्थित कृषि मन्त्रालय मार्फत कृषि सूचना तथा प्रशिक्षण केन्द्रमा जानकारी गराउने ।

(ङ) स्थानीय तहको भूमिकाः

- किसान सूचना प्रणालीको लागि सम्पर्क अधिकृत (कर्मचारी) तोक्ने।
- किसान सूचीकरण कार्यक्रमको प्रचार प्रसार गर्ने।
- जनप्रतिनिधिहरु (प्रमुख, उप प्रमुख, वडा अध्यक्ष र वडा सदस्य) लाई कार्यक्रमको बारेमा जानकारी गराउने।
- सहजकर्ता (तथ्याङ्क संकलक) हरुको छनौट गरी कृषि ज्ञान केन्द्र र पशु सेवा बिज्ञ केन्द्रको समन्वयमा सम्पर्क अधिकृत तथा सहजकर्ताहरुको क्षमता बिकास तालिम सञ्चालन गर्ने।
- सुचिकृत किसानलाई किसान परिचयपत्र उपलब्ध गराउने।
- सहजकर्ता (तथ्याङ्क संकलक) हरुलाई तोकिएको दररेटमा पारिश्रमिक भुक्तानी गर्ने।
- सम्पर्क अधिकृतहरुलाई किसान सूचीकरण अबधिभरको लागि यातायात तथा संचार खर्चको ब्यवस्था गर्ने।
- कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रम तर्जुमा गर्दा र कार्यक्रम सञ्चालन गर्दा यो सूचना प्रणालीमा प्रविष्ट तथ्याङ्कको आधारमा गर्ने ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

सचिव २०८१/०९/०७

- सम्बन्धित निकायले कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा यस सूचना प्रणालीमा दर्ता भएपछि मात्र कार्यक्रममा सहभागि हुन पाउने व्यवस्था मिलाउने र यसको लागि कृषि र पशु सेवा शाखाले आवश्यक सहजिकरण गर्ने।
- यस सूचना प्रणालीमा आवद्ध किसानहरुलाई किसान सहुलियत तथा किसान कल्याण सम्बन्धी न्यूनतम सुबिधाको सुनिश्चितता गर्ने।
- किसान सूचना प्रणालीको सञ्चालनमा कुनै प्राबिधिक समस्या भए प्रदेश कृषि हेर्ने मन्त्रालय अन्तर्गतका जिल्ला कृषि वा पशु सेवा सम्बन्धी कार्यालयमा सम्पर्क गर्ने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

सचिव

अनुसूची-२

किसान परिचय पत्रको नमुना

नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

............ महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका/गाँउपालिका

..........प्रदेश, नेपाल

## किसान परिचय पत्र

Auto size (20mm*22mm) को रंगिन फोटो

परिचयपत्र नम्बर:

किसानको नाम, थर:

जन्म मितिः साल.... महिना..... गते लिङ्गः पुरुष/महिला/अन्य

QR Code

परिवार संख्या:

नागरीकता प्रमाण पत्र नम्बर: जारी जिल्ला:

राष्ट्रिय परिचयपत्र नं.: जारी जिल्ला:

ठेगानाः .... प्रदेश.....जिल्ला .....गा.पा./न.पा./उ.म.न.पा./म.न.पा., ....... वडा नं...... गाउँ/टोल.....

फोन नम्बर:

परिचयपत्रको अवधिः .........देखि.........सम्म

किसानको प्रकार र सम्बन्धित क्षेत्र: ....................प्रकार ...................... क्षेत्र

| किसानको दस्तखत वा सहिछाप: | परिचयपत्र जारी गर्ने अधिकारीको<br>नाम थर: ..................<br>दस्तखतः ..............<br>पदः.............. मितिः ........................ |
|---|---|

| जारी मिति | बहाल रहने मिति | प्रमाणित गर्ने अधिकारीको दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |

**द्रष्टव्यः** प्रमाणित गर्ने अधिकारीको दस्तखत र कार्यालयको छाप फोटोमा समेत पर्ने गरी लागेको हुनु पर्नेछ ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव



२०८१/०९/०७

अनुसूची-३

आधारभूत जानकारी फारम

१. मोबाइल नम्बरः

२. नाम (नेपालीमा) : पहिलो नाम विचको नाम थर

३. नाम (अङ्ग्रेजीमा) : First Name Middle Name Last Name

४. लिङ्गः महिला/ पुरुष/ अन्य

५. जन्ममितिः वि.सं साल महिना गते

६. शैक्षिक योग्यता

- निरक्षर
- साक्षर
    - सामान्य लेखपढ
    - प्राथमिक तह (८ सम्म)
    - माध्यमिक तह (८ देखि १२ सम्म)
    - स्नातक वा माथिल्लो तह

७. स्थायी ठेगाना : प्रदेश, जिल्ला, स्थानिय तह, वार्ड नम्बर, टोल

८. कृषि कार्य गरेको ठेगानाः प्रदेश, जिल्ला, स्थानिय तह, वार्ड नम्बर, टोल

९. नागरीकता प्रमाण पत्र नम्बरः

१०. नागरीकता जारी गर्ने जिल्लाः

११. कृषि कार्यको क्षेत्रः कृषि/बाली, पशुपन्छी, मिश्रित

कृषि कार्यको उपक्षेत्र समेत उल्लेख गर्ने

१२. जग्गाको क्षेत्रफल

- भूमिहिन
- ... बिघा... कठ्ठा ... धुर
- ... रोपनी... आना ... पैसा

१३. औसत वार्षिक आम्दानी रुः

- कृषि पेशाबाट हुने रुः ... ...
- गैर कृषि पेशाबाट हुने रुः ... ...
- जम्मा रुः ... ...

१४. वार्षिक औसत महिना कृषि कार्यमा संलग्न समय

- ३ महिना
- ४ देखि ६ महिना
- ७ देखि ९ महिना
- बर्षैभरि

१५. कृषि सम्बन्धि अध्ययन तालिम,बिषयः

| क.स. | अध्ययन/तालिमको बिषय | अध्ययन/तालिमको अवधी | अध्ययन/तालिम लिएको वर्ष | अध्ययन/तालिम दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

सचिव

२०८१/०९/०७

# अनुसूची-४

## विस्तृत जानकारी फारम

**१. पारिवारिक विवरण**

१.१ परिवारमा रहेका जम्मा सदस्य संख्याः

- महिलाः
- पुरुषः

१.२ कृषि कार्यमा संलग्न सदस्य संख्याः

१.३ कृषि कार्यमा सलग्न सदस्यहरुको विस्तृत विवरण

| क.स. | किसानसँगको नाता | पुरा नाम | उमेर | लिङ्ग | कृषि कार्यको क्षेत्र | नागरीकता प्रमाण पत्र नम्बर | फोन नम्बर |
|---|---|---|---|---|---|---|---|
| | | | | | उत्पादन क्षेत्र/<br>प्रशोधन क्षेत्र/<br>बजारिकरण/<br>कृषि उद्यम/<br>कृषि श्रमिक | | |
| | | | | | | | |

१.४ कृषि पेशा वा व्यावसायमा संलग्न वर्षः

**२. जग्गा तथा सिँचाई विवरण**

२.१ जमिन स्वामित्वको विवरण (स्थायी ठेगानामा रहेको)

| क. सं | जग्गाको विवरण | | | सिँचाई विवरण | | |
|---|---|---|---|---|---|---|
| | स्वामित्व ( जग्गा धनी) | जमिनको किसिम | क्षेत्रफल | सिँचाई उपलब्धता छ/छैन | सिँचित क्षेत्रफल | सिँचाईको श्रोत<br>• पोखरी/ रिजरभायर<br>• सिँचाई कुलो<br>• भूमिगत सिँचाई (स्यालो ट्युबवेल तथा डिपट्युबवेल)<br>• आकासे पानी सङ्कलन |
| १ | आफ्नो | पाखो बारी | | | | |
| | | खेत | | | | |
| २ | परिवारको नाममा | पाखो बारी | | | | |
| | | खेत | | | | |
| ३ | ऐलानी/ पर्ती | पाखो बारी | | | | |
| | | खेत | | | | |
| ४ | भाडामा लिएको | पाखो बारी | | | | |
| | | खेत | | | | |
| ५ | भाडामा दिएको | पाखो बारी | | | | |
| | | खेत | | | | |

*नोटः समावेश गरीएको ऐलानी/ पर्ती जग्गाको विवरण कृषि तथ्याङ्क सङ्कलन प्रायोजनको लागी मात्र प्रयोग हुनेछ। कानुनी प्रयोजनको लागी यो विवरण वैध हुने छैन।*

२.२ एक भन्दा बढी स्थानीय तहमा कृषि कर्म गरीएको भए सो को विवरणः

| क.स. | ठेगाना | क्षेत्रफल | सिँचाई उपलब्धता | कृषि कार्यको क्षेत्र | कृषि कार्यको उपक्षेत्र | स्वामित्व | करार भए जग्गा धनीको विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

२०८१/०९/०७

२.३ अन्य व्यक्तिलाई जग्गा करार/भाडामा लगाएको भए सोको विवरणः

| क. सं | जग्गाको विवरण | | | सिँचाई विवरण | | |
|---|---|---|---|---|---|---|
| | स्वामित्व ( जग्गा धनी) | जमिनको किसिम | क्षेत्रफल | सिँचाई उपलब्धता छ/छैन | सिँचित क्षेत्रफल | सिँचाईको श्रोत<br>• पोखरी/ रिजरभायर<br>• सिँचाई कुलो<br>• भूमिगत सिँचाई (स्यालो ट्युबवेल तथा डिपट्युबवेल)<br>• आकासे पानी सङ्कलन |
| | | | | | | |
| | | | | | | |

किसान दर्ता नम्बर:

छैन भने

नाम:

फोन नम्बर:

ठेगाना:

सम्झौता मिति:

सम्झौता समाप्त हुने मिति:

नागरीकता प्रमाण पत्र नम्बर:

हालको ठेगाना:

## ३. बाली उत्पादन विवरण

३.१ खाद्यन्न बाली, तरकारीबाली, दलहनबाली, औधोगीक बाली, मसलाबाली, पुष्पखेती

| क.स. | बालीको नाम | क्षेत्रफल | उत्पादन परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |

३.२ फलफूल बाली

| क.स. | बालीको नाम | बोट संख्या | क्षेत्रफल | उत्पादन परिमाण |
|---|---|---|---|---|
| | | | | |

३.३ बीउ/ बेर्ना/ नर्सरी

| क.स. | बाली | जात | क्षेत्रफल | उत्पादन परिमाण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

३.४ च्याउ

| क.स. | च्याउको जात | टनेल संख्या | प्लाष्टिकघर क्षेत्रफल | उत्पादन परिमाण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

३.५ रेशम

| क.स. | किम्बु लगाईएको क्षेत्रफल | रेशम कीराको जात | किरा संख्या |
|---|---|---|---|
| | | | |

३.६ मौरी

| क.स. | मौरीको जात | घारको संख्या | उत्पादन परिमाण (मह / घार / गोला/ रोयल जेली, प्रोपेलिस आदी) |
|---|---|---|---|
| | | | |
| | | | |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

सचिव

२०८१/०९/०७

४. पशुपन्छी पालन विवरण

४.१ गाईपालन

| जात/नश्ल | संख्या | वार्षिक औषत दुध दिने महिना | दैनिक दुध उत्पादन लिटर |
|---|---|---|---|
| स्थानिय छ/छैन | | | |
| उन्नत छ/छैन | | | |

४.२ भैंसीपालन

| जात/नश्ल | संख्या | वार्षिक औषत दुध दिने महिना | दैनिक दुध उत्पादन लिटर |
|---|---|---|---|
| स्थानिय छ/छैन | | | |
| उन्नत छ/छैन | | | |

४.३ चौरी/याक पालन

| प्रजाती | संख्या | वार्षिक औषत दुध दिने महिना | दैनिक दुध उत्पादन लिटर |
|---|---|---|---|
| चौरी छ/छैन | | | |
| याक छ/छैन | | | |

४.४ गोरु/राँगा पालन

| किसिम | संख्या |
|---|---|
| गोरु छ/छैन | |
| राँगा छ/छैन | |

४.५ भेंडा/बाख्रा/च्याङ्ग्रा पालन

| प्रजाती | संख्या | | | |
|---|---|---|---|---|
| | माउ | खसि | बोका | पाठा/पाठी |
| भेंडा छ/छैन | | | | |
| बाख्रा छ/छैन | | | | |
| च्याङ्ग्रा छ/छैन | | | | |

४.६ बङ्गुर/ सुङ्गुर/ बँदेल पालन

| प्रजाती | संख्या | | |
|---|---|---|---|
| | माउ | भाले | पाठा/पाठी |
| बङ्गुर छ/छैन | | | |
| सुङ्गुर छ/छैन | | | |
| बँदेल छ/छैन | | | |

४.७ कुखुरापालन

| जात/नश्ल | पालन गरीएको | संख्या | वार्षिक औषत अण्डा उत्पादन संख्या | वार्षिक औषत कुखुरा उत्पादन संख्या (विक्रि प्रायोजन) |
|---|---|---|---|---|
| लेयर्स कुखुरा | छ/छैन | | | |
| ब्रोईलर कुखुरा | छ/छैन | | | |

४.८ अन्य पन्छीहरु

| प्रजाति | संख्या | वार्षिक औषत अण्डा उत्पादन संख्या | वार्षिक औषत विक्रि प्रायोजन उत्पादन संख्या |
|---|---|---|---|
| हाँस छ/छैन | | | |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

सचिव

२०८१/०९/०७

| | | | |
|---|---|---|---|
| बट्टाई छ/छैन | | | |
| अस्ट्रिच छ/छैन | | | |
| कालीज छ/छैन | | | |
| टर्की छ/छैन | | | |
| लौकाट छ/छैन | | | |
| परेवा छ/छैन | | | |
| अन्य पन्छीहरु खुलाउने | | | |

४.९ मत्स्यपालन

| प्रजाति | पोखरीको क्षेत्रफल | संख्या | उत्पादन प्रयोजन | उत्पादन एकाइ छनौट गर्नुहोस् | उत्पादन परिमाण |
|---|---|---|---|---|---|
| रहु, नैनी, भाकुर, सिल्भर कार्प, बिगहेड कार्प, ग्रास कार्प, कमन कार्प, ट्राउट, छडी, टिलापिया, पंगास, स्थानीय, अन्य | | | मासु / जिउँदो बिक्री / भुरा उत्पादन | के.जी., क्विन्टल, संख्या | |

४.७ अन्य पशुपालन

| क्र.स. | प्रकार | सँख्या |
|---|---|---|
| | घोडा | |
| | खच्चड | |
| | गधा | |
| | खरायो | |
| | कुकुर | |
| | बिरालो | |
| | अन्य | |

४.८ हिउँदे वर्षे बहुवर्षे घाँसेबालीको विवरण

| घाँसको किसिम | जात | क्षेत्रफल | हरियो घाँस उत्पादन मे टन | बीउ उत्पादन |
|---|---|---|---|---|
| हिउँदे | | | | |
| वर्षे | | | | |
| वहुवर्षे | | | | |
| डालेघाँस | | | | |
| नर्सरी | | | | |

## ५. कृषि व्यवसाय/फर्म/उद्यम विवरण

५.१ व्यवसाय/फर्म/उद्यम दर्ता नम्बर

५.२ दर्ता मिति

५.३ व्यवसाय/फर्म/उद्यमको नाम

५.४ दर्ता भएको कार्यालय

५.४ प्यान/भ्याट नं

५.७ अध्यक्ष/संचालकको नाम

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव



२०८१/०९/०७

५.८ व्यवसाय/फर्म/उद्यमको किसिमः ***कृषि, पशुपालन, मिश्रीत***

५.९ *सदस्य संख्या*

५.१० बार्षिक रोजगारी श्रृजना सँख्याः

### ६. कृषि/पशुपन्छी/मत्स्यपालन सँग सम्बन्धित मेशिनरी प्रयोग विवरण

| क.सँ. | मेसिनरीको नाम | स्वामित्व | क्षमता | संख्या |
|---|---|---|---|---|
| | | आफ्नो/भाडामा | *(आफ्नो स्वामित्व भएमा मात्र)* | |
| | | | | |
| | | | | |

### ७. कृषि/पशुपालन/मत्स्यपालनसँग सम्बन्धित सँरचनाको विवरण

| क.सं | संरचनाको प्रकार | संख्या | क्षेत्रफल |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव



२०८१/०९/०७

## अनुसूची-५

### अनुदानको विवरण फारम

| क.सं. | अनुदानको प्रकार | विस्तृत विवरण | संख्या | अनुदानित रकम (रू.) | अनुदान % | अनुदान दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि | | | | | | |
| २ | पशुपन्छी पालन | | | | | | |
| ३ | अन्य | | | | | | |

नोटः

(१) कृषि सम्बन्धी अनुदान

- बीउबिजन/बेर्ना
- मल
- यन्त्र तथा उपकरण (हाते टयाक्टर, कम्बाइन हारभेस्टर आदि)
- संरचना (प्लस्टिक टनेल, ग्रिनहाउस आदि)
- अन्य

(२) पशुपन्छी सम्बन्धी अनुदान

- गाई
- भैसी
- बाखा/भेडा
- पाडा/पाडी
- बाच्छा/बाच्छी
- वंगुर
- कुखुरा
- माछापालन
- यन्त्र तथा उपकरण (मिल्किङ मेसिन, चिलिङ भ्याट, बन्दयाकरण सेट चाप कटर आदि)
- संरचना (गोठ, खोर, पोखरी आदि)
- अन्य

(३) अन्य (सिचाई, बीमा, कृषि मिटर आदि)

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ